# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
## स्कूल अफ मेडिसिन, डीनको कार्यालय
## लगनखेल, ललितपुर

**शैक्षिक सत्र २०७५/०७६ एम.बी.बी.एस. (M.B.B.S.) अध्ययनका लागि आवेदन सम्बन्धी सूचना**

नेपालको ग्रामीण भेग र शहरी क्षेत्रमा बसोबास गर्ने जनसमुदाय बीच गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा विद्यमान विभेदपूर्ण स्थितिमा सुधार ल्याउन तथा स्वास्थ्यको क्षेत्रमा मुलुकलाई आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउने उद्देश्य बोकेको यस पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपालको व्यवस्थापिका-संसद्बाट वि.सं. २०६४ सालमा छुट्टै ऐनद्वारा स्थापित सार्वजनिक, स्वायत्त एवं गैह्र नाफामुखी विश्वविद्यालयस्तरको प्राज्ञिक संस्था हो । स्वास्थ्य विज्ञान सम्बन्धी शिक्षा, वैज्ञानिक अनुसन्धान तथा गुणस्तरीय स्वास्थ्य सेवाको माध्यमबाट ती उद्देश्य प्राप्त गर्ने लक्ष्य यस प्रतिष्ठानले लिएको छ । स्वास्थ्य विज्ञानसंग सम्बन्धित सबै विधा र तहका शैक्षिक कार्यक्रम सञ्चालन गर्न अख्तियार प्राप्त यस प्रतिष्ठानले विगत आठ बर्षदेखि यसको आफ्नै स्कूल अफ मेडिसिन अन्तर्गत चिकित्साशास्त्रमा स्नातक तहको पढाइ अर्थात् एम.बी.बी.एस. (Bachelor of Medicine, Bachelor of Surgery) कार्यक्रम सञ्चालन गर्दै आएको छ । शैक्षिक सत्र २०७५/०७६ अन्तर्गत एम.बी.बी.एस. कार्यक्रममा अध्ययन गर्न चाहने विद्यार्थीहरुलाई प्रतिस्पर्धात्मक प्रवेश परीक्षाको माध्यमबाट छनौट गर्नुपर्ने भएकाले तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आवेदन आह्वान गरिएको कुरा आवेदक, तिनका अभिभावक, सरोकारवाला तथा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकारको सहयोग समेतबाट सञ्चालन गरिने यो कार्यक्रमले चिकित्सा शिक्षाका नबिनतम अवधारणा र मान्यतालाई समेट्दै वैज्ञानिक पाठ्यक्रम, उपयुक्त शिक्षण विधि, योग्य र अनुभवी शिक्षक तथा समर्पित नेतृत्व बीच प्रभावकारी संयोजन गरेर प्राविधिक रुपले सक्षम र सामाजिक उत्तरदायित्व बोधयुक्त चिकित्सक उत्पादन गरी ती चिकित्सकहरुलाई नेपालको दुर्गम तथा ग्रामीण भेगमा बसोबास गर्ने जनसमुदायको स्वास्थ्य स्थिति सुधार्ने काममा परिचालन गर्ने लक्ष्य राखेको हुँदा सो लक्ष्यको मर्मलाई आत्मसात् गर्ने र त्यसको प्राप्तिमा योगदान गर्न चाहने आवेदकहरुलाई यस कार्यक्रममा आवेदन गर्न आह्वान गरिन्छ ।

यस शैक्षिक कार्यक्रमको कुल भर्ना संख्यालाई पूर्ण छात्रवृत्ति (निःशुल्क), साझेदारी छात्रवृत्ति (स्थानीय तह वा संघसंस्था वा व्यक्ति बाट प्रायोजित), आंशिक छात्रवृत्ति, विशेष क्षेत्र आंशिक छात्रवृत्ति र सःशुल्क (पूर्ण शुल्क तिर्ने) गरी पाँच समूहमा छुट्याइएको छ । यस अतिरिक्त आरक्षित स्थानको व्यवस्था ऐनले तोके अनुरूप हुनेछ । कुल भर्ना संख्याको पन्ध्र प्रतिशत (१५%) विद्यार्थीलाई पूर्ण छात्रवृत्ति उपलब्ध गराईनेछ, जुन् सामुदायिक विद्यालयमा अध्ययन गरेका विपन्न विद्यार्थीहरुका निम्ति मात्र लागू हुनेछ । यस शैक्षिक सत्रका लागि कुल भर्ना संख्याको पच्चीस प्रतिशत (२५%) स्थान साझेदारी, आंशिक र विशेष क्षेत्र आंशिक छात्रवृत्तिको लागि व्यवस्था गरिएको छ । पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हाल कार्यरत कम्तीमा तीन बर्ष स्थायी सेवा गरिसकेका कर्मचारी (शिक्षक बाहेक) का छोराछोरीका लागि आन्तरिक प्रतिस्पर्धाबाट छानिने गरी पूर्ण छात्रवृत्ति एक स्थान र कम्तीमा तीन बर्ष स्थायी सेवा गरिसकेका शिक्षक (कर्मचारी बाहेक) का छोराछोरीका लागि आन्तरिक प्रतिस्पर्धाबाट छानिने गरी आंशिक छात्रबृत्ति एक स्थान व्यवस्था गरिएको छ । बाँकी स्थान सःशुल्क (पूर्ण शुल्क तिर्ने) समूहका लागि छुट्याइएको छ । कुल भर्ना सीट संख्या ६५कायम गरिएको छ ।

**१. आवश्यक न्यूनतम योग्यता :**

क) आवेदक नेपाली नागरिक हुनु पर्नेछ ।

ख) फारम बुझाउने अन्तिम दिनसम्म सत्र (१७) बर्ष उमेर पुगी चालीस (४०) वर्ष ननाघेको हुनुपर्नेछ ।

ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ विज्ञान विषय वा सो सरहको परीक्षामा जीव विज्ञान (Biology), रसायन शास्त्र (Chemistry) र भौतिक शास्त्र (Physics) विषयहरु प्रत्येकमा कम्तीमा पचास प्रतिशत (५०%) र कुल पूर्णाङ्कमा पनि कम्तीमा

पचास प्रतिशत (५०%) अङ्क प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ, वा Physics, Chemistry, Biology प्रत्येकमा कम्तीमा C+ ग्रेड र बाँकी सबै विषयहरुमा कम्तीमा C ग्रेड तथा कूल पूर्णाङ्कमा २.४ GPA प्राप्त गरेको हुनुपर्नेछ । Cambridge (GCE-A level) लगायत अन्य फरक ग्रेडिङ्ग प्रणाली भएका पाठ्यक्रमहरुका हकमा तोकिएको प्रतिशत बराबरको ग्रेडलाई मान्यता दिईनेछ ।

स्वास्थ्य विज्ञान प्रवीणता प्रमाण-पत्र तह (सामान्य चिकित्सा, मेडिकल ल्याव टेक्नोलोजी, अप्थाल्मिक साइन्स, डेन्टल साइन्स, फार्मेसी) मा कुल पूर्णाङ्कको कम्तीमा पचास प्रतिशत (५०%) अङ्क प्राप्त गरी उत्तीर्ण गरेका आवेदकहरुले उच्च माध्यामिक शिक्षा परिषद्/राष्ट्रिय परीक्षा बोर्डद्वारा निर्धारित Bridge Course मा भौतिक शास्त्र, रसायन शास्त्र र जीव विज्ञान विषय लिई उल्लेखित विषयहरुमा न्यूनतम पचास प्रतिशत (५०%) अङ्क प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ र नेपाल स्वास्थ्य व्यवसायी परिषद् (Nepal Health Professional Council) मा द्वितीय तह ('ख' श्रेणी) वा नेपाल फार्मेसी काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

**२. आवेदन फारमः** प्रतिष्ठानको नाउँमा रहेको ललितपुर जिल्ला लगनखेलस्थित कृषि विकास बैङ्कको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको नाममा रहेको खाता नं. ०२११६००१८००९००१४ वा लक्ष्मी बैंक लिमिटेडको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको नाममा रहेको खाता नम्वर ००१८१०४००००४५५ मा जम्मा हुने गरी रू. ५००/- (अक्षरेपि पाँचसय रूपैयाँ मात्र) तिरेको भौचर पेश गरेपछि मिति २०७५ कार्तिक ११ गते आईतबारदेखि २०७५ मंसिर ६ गते बिहीबारसम्म (शनिबार र सार्वजनिक विदा बाहेक) विहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म डीनको कार्यालयबाट आवेदन फारम र सूचना सामग्री प्राप्त गर्न सकिनेछ ।

३. **प्रवेश परीक्षा दस्तुर :** आवेदन दर्ता गराउन आउँदा बैङ्कको माथि उल्लेखित खाता नम्वरमा जम्मा हुने गरी रू. ३,५००/- (अक्षरेपी तीन हजार पाँचसय रूपैयाँ मात्र) तिरेको भौचर आवेदन साथ नत्थी गरी बुझाउनु पर्नेछ ।

**द्रष्टव्य : फारम र प्रवेश परीक्षा दस्तुर वापत बुझाएको रकम फारम रद्द भए पनि फिर्ता हुने छैन ।**

**४. आवेदन फारम बुझाउने समयावधि :**

मिति २०७५ कार्तिक १५ गते बिहीबारदेखि २०७५ मंसिर ९ गते आईतबारसम्म (शनिबार र सार्वजनिक विदा बाहेक) बिहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म यस प्रतिष्ठानको डीनको कार्यलयमा बुझाई सक्नुपर्नेछ । बिशेष कारणबस उक्त मितिमा बुझाउन नसकेकाहरुको हकमा दोब्बर दस्तुर तिरेर २०७५ मंसिर १० सोमबार देखि मंसिर ११ गते मंगलवार अपराह्न ४:०० बजेभित्र आवेदन फारम बुझाउन सकिनेछ ।

आवेदकले आवेदन दर्ता गराउँदा प्रवेशपत्र वितरण सम्बन्धी जानकारी प्राप्त गर्न सक्नेछन् ।

**५. परीक्षा केन्द्र, मिति र समय :** यस सम्बन्धी आवश्यक सूचना प्रवेशपत्र वितरण गर्दा उपलब्ध गराइनेछ ।

**६. परीक्षाको किसिम :** प्रवेश परीक्षामा लिखित परीक्षा मात्र हुनेछ । उक्त परीक्षामा १०+२ वा सो सरह विषयको पाठ्यक्रममा आधारित विज्ञान (जीव विज्ञान, रसायन शास्त्र र भौतिक शास्त्र) बिषयवस्तुका साथै आवेदकको बौद्धिक तीक्ष्णता (Cognitive Ability), र अन्य मानवीय, सामाजिक तथा कार्यकौशलताका पक्षहरु समेत समावेश गरी चिकित्सा शिक्षाको क्षेत्रमा स्थापित वैज्ञानिक मापदण्डद्वारा जाँच गरिनेछ ।

**७. आवेदन फारमको साथमा सबै समूहका आवेदकले अनिवार्य रूपमा पेश गर्नुपर्ने कागजातहरु :**

(क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित छायाँप्रति ।

(ख) प्रवेशिका परीक्षा (एस.एल.सी./ एस. ई .ई.) वा माध्यामिक शिक्षा परीक्षा वा सो सरहको लब्धाङ्क पत्र र चारित्रिक प्रमाण-पत्रको प्रमाणित छायाँप्रति ।

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ तह वा सो सरह वा स्वास्थ्य विज्ञानमा प्रवीणता प्रमाण-पत्र तह (सामान्य चिकित्सा, मेडिकल ल्याव टेक्नोलोजी, अप्थाल्मिक साइन्स, डेण्टल साइन्स, फार्मेसी) उत्तीर्ण गरेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाण-पत्रको प्रमाणित छायाँप्रति । स्वास्थ्य विज्ञानमा प्रवीणता प्रमाण-पत्र तहको हकमा मान्यता प्राप्त संस्थाबाट उच्च माध्यामिक शिक्षा परिषद्/राष्ट्रिय परीक्षा बोर्डद्वारा निर्धारित Bridge Course को लब्धाङ्क पत्र र प्रमाण-पत्रको प्रमाणित छायाँप्रति ।

(घ) नेपालभित्रका बोर्ड अन्तर्गत उत्तीर्ण भएका बिद्यार्थीहरुको हकमा उनीहरुको सबै शैक्षिक प्रमाण-पत्रहरु राष्ट्रिय परीक्षा बोर्ड र नेपाल सरकार शिक्षा मन्त्रालयबाट अनिबार्य रुपमा प्रमाणीकरण गरेको हुनुपर्नेछ ।

(ङ)) बिदेशी बोर्ड अन्तर्गत उत्तीर्ण भएका बिद्यार्थीहरुको हकमा सबै शैक्षिक प्रमाणपत्रहरु सम्बन्धित देशको कुटनैतिक नियोग र नेपाल सरकार शिक्षा मन्त्रालयबाट अनिबार्य रुपमा प्रमाणीकरण गरेको हुनुपर्नेछ । साथै समकक्षता प्रमाण-पत्र (Certificate of Equivalence) समेत अनिबार्य पेश गर्नुपर्नेछ ।

(च) आवेदक नेपाल बाहिरको बोर्ड वा विश्वविद्यालयबाट उत्तीर्ण भएको भए निजले अध्ययन गरेको शिक्षण संस्था नेपाल सरकार, शिक्षा मन्त्रालय अन्तर्गतको उच्च माध्यमिक शिक्षा परिषद् वा विश्वविद्यालयले मान्यता दिएको समकक्षता सूचीमा सूचीकृत भएको हुनुपर्नेछ । यदि सूचीकृत नभएको भए सम्बन्धित निकायबाट समकक्षता प्रमाणित गराएको कागजातको प्रमाणित छायाँप्रति ।

(छ) आवेदक नेपाल बाहिरको बोर्ड वा विश्वविद्यालयबाट उत्तीर्ण भएको भए माइग्रेसन सर्टिफिकेटको प्रमाणित छायाँप्रति ।

(ज) हालसालै (तीन महिनाभित्र) चस्मा र टोपी नलगाई खिचेको पासपोर्ट साइजको रङ्गीन फोटो दुई (२) प्रति ।

(झ) रू. ३,५००/- (अक्षरेपि तीन हजार पाँचसय रूपैयाँ मात्र) तिरेको सक्कल भौचर ।

**८. आवेदन फारमको साथमा आवेदकले पेश गर्नु पर्ने थप कागजातहरु :**

**क. स:शुल्क र आंशिक छात्रवृत्ति अन्तर्गत आरक्षित स्थानमा आवेदन गर्नको लागि :** ग्रामीण क्षेत्रमा बसोबास गरी सामुदायिक विद्यालयबाट ८, ९, १० कक्षा अध्ययन गरी प्रवेशिका परीक्षा उत्तीर्ण गरेका निम्न उपसमूह- महिला, दलित, आदिवासी/जनजाति, मधेसी र पिछडिएको क्षेत्रका आवेदकका लागि एक-एक स्थान आरक्षित गरिएको छ । तर छनौट हुनको लागि यस प्रतिष्ठानद्वारा सञ्चालन गरिने प्रवेश परीक्षामा उत्तीर्ण हुनुपर्नेछ । यसरी उत्तीर्ण हुन नसकेको उपसमूहको स्थानको हकमा आरक्षित समूहकै बाँकि उपसमूहका उम्मेदवारहरुमध्येबाट योग्यता क्रमानुसार भर्ना गरिनेछ । यो समूहमा आवेदन गर्न चाहनेले निम्नानुसार प्रमाणित छायाँप्रतिहरु अनिवार्य रूपमा पेश गर्नुपर्नेछ -

१. आवेदक ग्रामीण क्षेत्रमा हालसम्म स्थायी बसोबास गरेको हो भन्ने व्यहोरा प्रष्ट खुल्ने गरी सम्बन्धित गाउँपालिकाबाट जारी कागजातको प्रमाणित छायाँप्रति । आवेदक अन्य गाउँपालिका वा जिल्लामा बसाइँ सरी ग्रामीण क्षेत्रमै स्थायी बसोबास गरिराखेको भए पूर्व गाउँपालिकाबाट बसाइँ सरेको व्यहोरा खुल्ने गरी हाल स्थायी बसोबास गरेको गाउँपालिकाबाट यो सूचना पहिलो पटक प्रकाशित भएको **मितिले ६ महिना भित्र जारी गरिएको** स्थायी बसोबासको प्रमाणित छायाँप्रति पेश गर्नुपर्नेछ । साथै आवेदकको नागरिकतामा उल्लेखित स्थायी ठेगाना निज ग्रामीण क्षेत्रमा स्थायी बसोबास गरेको प्रमाणसंग मिल्ने हुनुपर्नेछ ।

२. आवेदकले ८, ९ र १० कक्षा उत्तीर्ण गरेको र प्रवेशिका परीक्षा दिएको विद्यालय नेपाल सरकारबाट अनुदान प्राप्त सामुदायिक विद्यालय हो भन्ने प्रमाण प्रष्ट खुल्ने गरी सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति । एक भन्दा बढी सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सो समेत खुल्ने प्रमाण सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

३. सामुदायिक विद्यालयबाट ८, ९ र १० कक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रमाणित छायाँप्रति ।

४. आवेदक दलित भएमा राष्ट्रिय दलित आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

५. आवेदक आदिवासी/जनजाति भएमा आदिवासी ⁄ जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

६. आवेदक मधेसी भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

**ख. पूर्ण छात्रवृत्ति  स्थानमा आवेदन गर्नको लागि :** कुल भर्ना संख्याको पन्ध्र प्रतिशत (१५%) स्थान पूर्ण छात्रवृत्ति को लागि व्यवस्था गरिएको छ, जस्मध्ये निम्न उपसमूह- महिला, दलित, आदिवासी ⁄ जनजाति, मधेसी तथा पिछडिएको क्षेत्रका विद्यार्थीका लागि एक-एक स्थान आरक्षित गरिएको छ । तर छनौट हुनको लागि यस प्रतिष्ठानद्वारा सञ्चालन गरिने प्रवेश परीक्षामा उत्तीर्ण हुनुपर्नेछ । यसरी उत्तीर्ण हुन नसकेको उपसमूहको स्थानको हकमा आरक्षित समूहकै बाँकि उपसमूहका उम्मेदवारहरुमध्येबाट योग्यता क्रमानुसार भर्ना गरिनेछ । पूर्ण छात्रवृत्तिको आवेदनका लागि आवेदन दिने आवेदकहरुले निम्नानुसारका प्रमाणहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ-

१. आवेदकले ८, ९ र १० कक्षा उत्तीर्ण गरेको र प्रवेशिका परीक्षा दिएको विद्यालय नेपाल सरकारबाट अनुदान प्राप्त सामुदायिक विद्यालय हो भन्ने प्रमाण प्रष्ट खुल्ने गरी सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति । एक भन्दा बढी सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सो समेत खुल्ने प्रमाण सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

२. सामुदायिक विद्यालयबाट ८, ९ र १० कक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रमाणित छायाँप्रति ।

३. आवेदक **विपन्न** हो भनी सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट जारी गरिएको कागजातको प्रमाणित छाँयाप्रति ।

पूर्ण छात्रवृत्ति अन्तर्गत आरक्षित स्थानमा आवेदन दिने आवेदकहरुले माथि उल्लेखित कागजातहरुको अतिरिक्त देहायका कागजातहरु समेत अनिवार्य पेश गर्नु पर्नेछ-

१. आवेदक दलित भएमा राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

२. आवेदक आदिवासी ⁄ जनजाति भएमा आदिवासी ⁄ जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

३. आवेदक मधेसी भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

पूर्ण छात्रवृत्तिमा छनौटका लागि माथि उल्लेखित अनिवार्य प्रमाणका अतिरिक्त निम्नानुसारका थप प्रमाणहरु प्राथमिकता निर्धारणका लागि प्रयोग गरिनेछ-

(क) आवेदकको स्थायी बसोबासको जिल्लाको मानव विकास सूचकाङ्कलाई प्राथमिकताको आधार मनिने हुँदा आवेदकको स्थायी बसोबास खुल्ने गरी यो सूचना प्रकाशित भएको मितिले ६ महिनाभित्र सम्वन्धित स्थानीय निकायबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

(ख) प्रवीणता प्रमाणपत्र तह स्वास्थ्य विज्ञान (सामान्य चिकित्सा, मेडिकल ल्याव टेक्नोलोजी, अप्थाल्मिक साईन्स, डेन्टल साइन्स, फार्मेसी) उत्तीर्ण गरी सरकारी स्वास्थ्य सेवामा रही दुर्गम क्षेत्रमा कम्तीमा दुई वर्ष सेवा गरेका आवेदकहरुका हकमा उक्त कुरा प्रष्ट खुल्ने गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

**ग. आंशिक छात्रवृत्ति स्थानमा आवेदन गर्नको लागि :** आंशिक छात्रवृत्तिमा न्यूनतम योग्यता पुगेका जो कोही इच्छुक उम्मेदवारले आवेदन दिन सक्नेछन् । छनौटका लागि निम्न प्रमाणहरुलाई प्राथमिकताको आधार मानिनेछ-

१. आवेदकले ८, ९ र १० कक्षा उत्तीर्ण गरेको विद्यालय सामुदायिक विद्यालय हो भन्ने प्रमाण प्रष्ट खुल्ने गरी सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति । एक भन्दा बढी सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सो समेत खुल्ने प्रमाण सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

२. सामुदायिक विद्यालयबाट ८, ९ र १० कक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रमाणित छायाँप्रति ।

३. आवेदक दलित भएमा राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

४. आवेदक आदिवासी/जनजाति भएमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

५. आवेदक मधेसी भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

६. आवेदकको स्थायी बसोबासको जिल्लाको मानव विकास सूचकाङ्कलाई प्राथमिकताको आधार मनिने हुदा आवेदकको स्थायी बसोबास खुल्ने गरी यो सूचना प्रकाशित भएको मितिले ६ महिनाभित्र सम्वन्धित स्थानीय निकायबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

७. प्रवीणता प्रमाणपत्र तह स्वास्थ्य विज्ञान (सामान्य चिकित्सा, मेडिकल ल्याव टेक्नोलोजी, अप्थाल्मिक साईन्स, डेन्टल साइन्स, फार्मेसी) उत्तीर्ण गरी सरकारी स्वास्थ्य सेवामा रही दुर्गम क्षेत्रमा कम्तीमा दुई बर्ष सेवा गरेका आवेदकहरुका हकमा उक्त कुरा प्रष्ट खुल्ने गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

**घ. साझेदारी छात्रवृत्ति स्थानमा आवेदन गर्नको लागिः** अध्ययन पश्चात् चिकित्सकहरुलाई छात्रवृत्ति प्रायोजित क्षेत्र भित्र नै काममा खटाउने कार्यमा स्थानीय निकायको अहम् भूमिका हुने कुरालाई आत्मसात् गर्दै प्रतिष्ठानले स्थानीय तह, संघसंस्था वा व्यक्तिसंगको सहकार्यमा साझेदारी छात्रवृत्तिको व्यवस्था गरेको छ । यस व्यवस्था अनुरुप आवेदकको अध्ययनमा लाग्ने कुल शैक्षिक शुल्कमध्ये स्थानीय निकाय, संघसंस्था वा व्यक्तिले ७५% र प्रतिष्ठानले २५ % रकम व्यहोर्ने व्यवस्था गरेको छ । यसमा मूलतः दुर्गम जिल्लाहरु प्राथमिकतामा राखिएका छन् । यस व्यवस्था अनुरुप अध्ययन गर्ने आवेदकको सेवा सम्बन्धी शर्त कम्तीमा चार बर्ष अवधि नघटाई आवेदक, प्रायोजक (सम्बन्धित निकाय वा संघसंस्था वा व्यक्ति) र प्रतिष्ठान बीच हुने त्रिपक्षीय सम्झौता बमोजिम हुनेछ । यो व्यवस्था अनुरुप साझेदारी छात्रवृत्तिमा सहकार्य गर्न ईच्छुक स्थानीय निकाय, संघसंस्था वा व्यक्ति जो कुनैले कुन क्षेत्रका लागि साझेदारी गर्न चाहेको हो सो खुलाई लिखित मनसाय पत्र यस प्रतिष्ठानलाई पठाउनु पर्नेछ ।

यस शैक्षिक सत्रका लागि साझेदारी छात्रवृत्ति अन्तर्गत **बारेकोट गाउँपालिका – जाजरकोट, कुसे  गाउँपालिका – जाजरकोट र परिबर्तन गाउँपालिका – रोल्पा का लागि एक एक स्थान सम्बन्धित गाँउपालिका** बाट प्रयोजित गरिएको छ । प्रतिष्ठित व्यवसायी तथा समाजसेवी, भाटभटेनी सुपरमार्केट एण्ड डिपार्टमेण्टल स्टोर प्रा.लि.का प्रोप्राईटर श्री मिनबहादुर गुरुङ्गज्यू तथा सञ्चालक श्रीमती सावित्री गुरुङ्गज्यूबाट प्राप्त हुन आएको एक (१) स्थान **प्यूठान जिल्ला**को लागि सुरक्षित गरिएको छ । यस अन्तर्गत न्यूनतम योग्यता पुगेका सम्बन्धित गाउँपालिका/जिल्लाका उम्मेदवारहरुको बीचमा मात्र प्रतिस्पर्धा हुनेछ । यस छात्रवृत्तिमा छनौट हुनको लागि प्रतिष्ठानद्वारा सञ्चालन गरिने प्रवेश परीक्षामा उत्तीर्ण हुनुपर्नेछ । यदि सो गाउँपालिका/जिल्लाभित्रका कुनै पनि उम्मेदवार सफल हुन नसकेको अवस्था रहेमा सो गाउँपालिका/जिल्लाको हकमा यो छात्रवृत्ति निष्क्रिय हुनेछ र सो स्थान आंशिक छात्रवृत्ति अन्तर्गत समावेश गरिनेछ ।

साझेदारी छात्रवृत्तिमा आवेदन दिने आवेदक गाउँपालिकाले प्रायोजन गरेको भए सोही गाउँपालिकामा र जिल्लाको लागि प्रायोजन गरिएको भए सोही जिल्लामा स्थायी बसोबास गरेको हुनुपर्ने छ । साथै दुवैको हकमा आवेदकले **सोही जिल्लाको** सामुदायिक बिद्यालयबाट ८, ९ र १० कक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

साझेदारी छात्रवृत्तिको आवेदनका लागि आवेदकहरुले निम्नानुसारका प्रमाणहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ-

(क) आवेदकले ८, ९ र १० कक्षा उत्तीर्ण गरेको र प्रवेशिका परीक्षा दिएको विद्यालय नेपाल सरकारबाट अनुदान प्राप्त सामुदायिक विद्यालय हो भन्ने प्रमाण प्रष्ट खुल्ने गरी सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी कागजातको प्रमाणित छायाँप्रति । एक भन्दा बढी सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सो समेत खुल्ने प्रमाण सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

(ख) सोही जिल्लाको सामुदायिक विद्यालयबाट ८, ९ र १० कक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रमाणित छायाँप्रति ।

(ग) प्रायोजन गरेको गाउँपालिका/जिल्लामा नै स्थायी बसोबास गरेको गाउँपालिका/नगरपालिकाबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

साझेदारी छात्रवृत्तिमा छनौटका लागि माथि उल्लेखित अनिवार्य प्रमाणका अतिरिक्त निम्नानुसारका थप प्रमाणहरु प्राथमिकता निर्धारणका लागि प्रयोग गरिनेछन्-

१. आवेदक दलित भएमा राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

२. आवेदक आदिवासी/जनजाति भएमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

३. आवेदक मधेसी भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

४. प्रवीणता प्रमाणपत्र तह स्वास्थ्य विज्ञान (सामान्य चिकित्सा, मेडिकल ल्याव टेक्नोलोजी, अप्थाल्मिक साईन्स, डेन्टल साइन्स, फार्मेसी) उत्तीर्ण गरी सरकारी स्वास्थ्य सेवामा रही दुर्गम क्षेत्रमा कम्तीमा दुई वर्ष सेवा गरेका आवेदकहरुका हकमा उक्त कुरा प्रष्ट खुल्ने गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

**ङ. विशेष क्षेत्र आंशिक छात्रवृत्तिः** यस प्रतिष्ठान ललितपुर जिल्लामा अवस्थित भएकोले यस जिल्लाका गाउँपालिकाहरुको हकमा मात्र लागू हुने गरी जिल्लाको उक्त गाउँपालिकाहरुलाई विशेष क्षेत्र मानी जिल्लाको कुनै गाउँपालिकामा स्थायी बसोबास भई सोही जिल्लाको सामुदायिक विद्यालयबाट ८, ९ र १० कक्षा अध्ययन गरी प्रवेशिका परीक्षा उत्तीर्ण गरेका आवेदकहरुको लागि कम्तिमा एक महिला सहित दुई स्थान आंशिक छात्रवृत्तिको लागि सुरक्षित गरिएको छ । यस छात्रवृत्तिमा छनौट हुनको लागि प्रतिष्ठानद्वारा सञ्चालन गरिने प्रवेश परीक्षामा अनिवार्य उत्तीर्ण हुनुपर्नेछ । यदि जिल्लाको उक्त गाउँपालिकाहरुबाट कुनै पनि उम्मेदवार सफल हुन नसकेको अवस्था रहेमा सो जिल्लाको हकमा छात्रवृत्ति निष्क्रिय हुनेछ र सो स्थान आंशिक छात्रवृत्ति अन्तर्गत समावेश गरिनेछ ।

विशेष क्षेत्र आंशिक छात्रवृत्तिको आवेदनका लागि आवेदकहरुले निम्नानुसारका प्रमाणहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ-

(क) आवेदकले ८, ९ र १० कक्षा अध्ययन गरी प्रवेशिका परीक्षा उत्तीर्ण गरेको विद्यालय ललितपुर जिल्लाको नेपाल सरकारबाट अनुदान प्राप्त सामुदायिक विद्यालय हो भन्ने प्रमाण प्रष्ट खुल्ने गरी जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी कागजातको प्रमाणित छायाँप्रति । एक भन्दा बढी सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सो समेत खुल्ने प्रमाण सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

(ख) सामुदायिक विद्यालयबाट ८, ९ र १० कक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रमाणित छायाँप्रति ।

(ग) ललितपुर जिल्लाको कुनै गाउँपालिकामा स्थायी बसोबास गरेको गाउँपालिकाबाट जारी गरिएको कागजातको प्रमाणित छायाँप्रति ।

**च. सःशुल्क (पूर्ण शुल्क तिर्ने) स्थानमा आवेदन गर्नको लागि :** माथि उल्लेखित **आवश्यक न्यूनतम योग्यता** पुगेका जो कोही इच्छुक उम्मेदवारले यस समूहमा आवेदन गर्न सक्नेछन् ।

**९. अन्य जानकारी :**

क. म्याद नाघी आएको वा रीत नपुगेको वा आवेदनसाथ संलग्न गर्नुपर्ने कागजात पूरा नभएको आवेदन दर्ता गरिने छैन । दर्ता पश्चात् संकलित फारम रुजु गर्दा कथम्कदाचित रीत नपुगेको पाईएमा प्रतिष्ठानले त्यस्ता फारम रद्द गर्नेछ ।

ख. यदि कुनै विद्यार्थीले नक्कली कागजात वा झुट्ठो विवरण पेश गरेको प्रमाणित भएमा सो विद्यार्थीलाई प्रतिष्ठानले कुनै पनि समय शैक्षिक कार्यक्रमबाट निष्कासन गर्नेछ ।

ग. पूर्ण छात्रवृत्ति र साझेदारी छात्रवृत्ति योजना अन्तर्गत अध्ययन गर्ने विद्यार्थीको हकमा कम्तीमा चार बर्ष र आंशिक तथा विशेष क्षेत्र आंशिक छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीको हकमा कम्तीमा दुई वर्ष नेपाल सरकार वा यस प्रतिष्ठानले तोकेको स्वास्थ्य संस्थामा गई काम गर्नु पर्नेछ । यसैगरी शिक्षक तथा कर्मचारीका छोराछोरीको हकमा छात्रवृत्ति योजना अनुसार खटाएको स्वास्थ्य संस्थामा गई तोकिएको अवधिभर अनिवार्य काम गर्नु पर्नेछ । कुनै पनि छात्रवृत्ति लिएर अध्ययन गरेका विद्यार्थीहरुले कवुलियतनामामा उल्लेख भएको अवधिभर काम गरिसकेपछि मात्र यस प्रतिष्ठानबाट प्रदान गरिने एम.बी.बी.एस. (M.B.B.S.) को स्थायी प्रमाण-पत्र पाउनेछन् ।

**द्रष्टव्य:**

क) आवेदन फारम बुझाउँदा उल्लेखित सम्पूर्ण कागजातहरुको सक्कल आवेदक स्वयंले अनिवार्य रूपले साथमा ल्याउनु पर्नेछ ।

ख) दुर्गम क्षेत्र भन्नाले नेपाल सरकारले तोकेका दुर्गम क्षेत्र भनी सम्झनु पर्दछ (नेपाल राजपत्र, भाग ४, खण्ड ४२ संख्या ५०, मिति २०४९/१२/१६) ।

ग) पिछडिएको क्षेत्र भन्नाले ९ जिल्ला क्रमशः हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, अछाम, बझाङ, बाजुरा र जाजरकोटलाई जनाउँदछ (संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ तथा संविधान सभा सदस्य निर्वाचन नियमावली, २०६४ को दफा ७ उप दफा (३) संग सम्बन्धित अनुसूची-१) ।

घ) सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ । शिक्षा ऐन, २०२८ दफा २ (घ २) ।

ङ) पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत स्थायी शिक्षक तथा कर्मचारीहरुका छोराछोरीका लागि प्रदान गरिने छात्रवृत्तिको सुविधा यस अगावै प्रतिष्ठानका कुनै पनि शैक्षिक कार्यक्रममा सो अवसर प्राप्त गर्ने शिक्षक तथा कर्मचारीको परिवारको हकमा लागू हुने छैन ।

च) पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका कम्तीमा तीन (३) बर्ष स्थायी सेवा गरेका शिक्षक तथा कर्मचारीहरुका छोराछोरीले मात्र सो छात्रवृत्ति कार्यक्रममा सहभागी हुन पाउनेछन् । साथै छोराछोरी भर्ना भईसकेपछि न्यूनतम तीन (३) बर्ष प्रतिष्ठानमा निरन्तर रुपमा सेवामा रही अनिवार्य कार्यरत रहनु पर्नेछ । अन्यथा प्रतिष्ठानले तोके बमोजिमको शुल्क तिर्नु पर्नेछ ।

छ) स्थायी वासिन्दाको सिफारिस-पत्र र आर्थिक विपन्नता सम्बन्धी सिफारिस-पत्रको नमूना प्रतिष्ठानको वेवसाइटमा राखिएको छ ।

प्रवेश परीक्षा सम्बन्धी थप जानकारीको लागि प्रतिष्ठानको कार्यालयको फोन नम्वर ०१-५५४५१५३ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।